*(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम तयार गरी प्रकाशन गरिएको)*

*आर्थिक वर्ष २०८१/८२ को*

# प्रथम त्रैमासिक प्रतिवेदन

(२०८१ साउन-असोज)



***(सूचनाको अधिकार: लोकतन्त्रको आधार)***

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| सि.नं | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | कार्यालयमा रहने कर्मचारीको विवरण | ४ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरु | ७ |
| ५. | सम्पादन गरेका कामको विवरण | ११ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | २६ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | २७ |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | २९ |
| ९. | कार्यालयको वेबसाइट | ३० |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ३० |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवं नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई सुसंस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पुऱ्याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयनमा उतार्न सम्बन्धित मन्त्रालयहरूमा लेखी पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्नेसम्मका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य पनि यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू पनि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्। साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य पनि यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा विभिन्न कार्य जिम्मेवारी तोकिएका छन्। यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजस्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना


कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार यस कार्यालयमा हाल ९ वटा महाशाखा र २३ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा १७२ जनाको स्वीकृत स्थायी दरबन्दी र ६९ करार दरबन्दी रहेको छ । यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहत विभिन्न क्षेत्र हेर्ने सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न महाशाखा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ । यस कार्यालयको दरबन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ।

**स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज**

| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | मुख्यसचिव | रा.प. विशिष्ट | - | - | - | १ |
| २. | सचिव | रा.प. विशिष्ट | प्रशासन | - | - | २ |
| ३. | सचिव | रा.प. विशिष्ट | न्याय | - | - | १ |
| ४. | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | ० |
| ५. | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६. | सह-सचिव | रा.प. प्रथम | प्रशासन | - | - | ७ |
| ७. | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | - | २ |
| ८. | सह-सचिव (सूचना प्रविधि) | रा.प.प्रथम | विविध | - | - | १ |
| ९. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | - | २० |
| १०. | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | - | ४ |
| ११. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | - | १ |
| १२. | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १३. | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | - | - | १ |
| १४. | सि.डि.ई. | रा.प. द्वितीय | इन्जिनियरिङ्ग | सिभिल/ जनरल | - | १ |
| १५. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | - | ३० |
| १६. | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १७. | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | - | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | अर्थशास्त्री | रा.प. तृतीय | विविध | - | - | १ |
| १९. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | - | १ |
| २०. | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | - | - | १ |
| २१. | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | - | - | ३ |
| २२. | ईन्जिनियर | रा.प. तृतीय | इन्जि. | सिभिल/ हाइड्रो | - | १ |
| २३. | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | - | १ |
| २४. | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | ० |
| २५. | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २६. | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | - | ५ |
| २७. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | - | १ |
| २८. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | - | - | १६ |
| २९. | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| ३०. | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | - | १ |
| ३१. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ० |
| ३२. | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | - | ० |
| ३३. | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३४. | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | - | - | ३ |
| ३५. | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३६. | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | - | - | १ |
| ३७. | ह.स.चा. | श्रेणी विहीन | ई. | - | - | १८ |
| ३८. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ३३ |
| ३९. | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | १ |
| ४०. | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ४ |
| ४१. | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | १ |
| | **जम्मा** | | | | | १७२ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालयअन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| मुख्यसचिव श्री एकनारायण अर्याल | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री बिनोद बहादुर कुँवर |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री कृष्ण सापकोटा |
| **शासकीय मामिला क्षेत्र** | **सचिव डा. कृष्णहरि पुष्कर** |
| **१. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री हीरामणि शर्मा** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा | उपसचिव श्री प्रदीप श्रेष्ठ |
| **२. सूचना प्रविधि महाशाखा** | **सहसचिव श्री प्रेम शरण श्रेष्ठ** |
| (क) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक |
| (ख) हेलो सरकार शाखा | उपसचिव श्री तुलाराज सुनुवार |
| | उपसचिव श्री रत्नमणि भट्टराई |
| | उपसचिव |
| **३. जनशक्ति व्यवस्थापन महाशाखा** | **सहसचिव श्री प्रेमप्रसाद आचार्य** |
| (क) प्रशासन शाखा | उपसचिव श्री भविश्वर पाण्डे |
| (ख) सूचना, प्रेस तथा संसद समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| (ग) आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा) श्री थम नारायण शर्मा |
| (घ) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (प्र.म.निवास) | उपसचिव |
| **४. शासकीय सुधार महाशाखा** | **सहसचिव डा. किरण रुपाखेती** |
| (क) सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा | उपसचिव श्री राजमणि दाहाल |
| (ख) प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा | उपसचिव श्री लेखनाथ ज्ञवाली |
| (ग) सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री सुभाष न्यौपाने |

| विकास व्यवस्थापन क्षेत्र | सचिव श्री राजकुमार श्रेष्ठ |
|---|---|
| **१. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री भुदेव झा |
| (ख) तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |
| (ग) योजना तथा अनुगमन शाखा | उपसचिव श्री कला कुमारी गैह्रे |
| **२. सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा** | **सहसचिव श्री नमराज घिमिरे** |
| (क) सामाजिक विकास शाखा | उपसचिव श्री मुक्तिराम अर्याल |
| (ख) भौतिक पूर्वाधार विकास शाखा | सि.डि.ई श्री मोहदत्त भट्ट |
| **३. आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा** | **सहसचिव श्री यमलाल भुसाल** |
| (क) आर्थिक मामिला शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| (ख) नीति विश्लेषण तथा समन्वय शाखा | उपसचिव श्री राजन भट्टराई |
| (ग) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा | उपसचिव (तथ्याङ्क) श्री कमल पौडेल |
| **कानून तथा मानव अधिकार** | **सचिव श्री फणीन्द्र गौतम** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | **सहसचिव श्री निर्मला अधिकारी भट्टराई** |
| (क) कानून शाखा | उपसचिव |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री राजेन्द्र कुमार लम्साल |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री राजेन्द्र थापा** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री ओम प्रकाश बराल |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री राजु प्रसाद गुरागाई |
| **विशेष पद** | **सचिव श्री खगेन्द्र प्रसाद नेपाल** |

**२०८१ श्रावण १ गतेदेखि २०८१ असोज मसान्तसम्म अवकाश, सरूवा तथा पदस्थापन भएका कर्मचारीहरूको विवरण**

**अवकाश तथा राजीनामाबाट निवृत्त कर्मचारीहरूको विवरण**

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री लीलादेवी गड्तौला (निरौला) | मुख्य सचिव |
| २. | श्री सीता ढकाल | शाखा अधिकृत |

**यस कार्यालय वा अन्तर्गत सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण**

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | **श्री एकनारायण अर्याल** | **मुख्यसचिव** |
| २. | श्री प्रेम शरण श्रेष्ठ | सहसचिव |
| ३. | श्री राजन भट्टराई | उपसचिव |
| ४. | श्री कृष्ण सापकोटा | उपसचिव |
| ५. | श्री भूदेव झा | उपसचिव |
| ६. | श्री श्याम दाहाल | शाखा अधिकृत |
| ७. | श्री झविन्द्र प्रसाद पाण्डेय | शाखा अधिकृत |
| ८. | श्री हुम बहादुर पाण्डे | शाखा अधिकृत |
| ९. | श्री खुमान सिं | शाखा अधिकृत |
| १०. | श्री केदार प्रसाद खतिवडा | शाखा अधिकृत |
| ११. | श्री देवेन्द्र सुवेदी | शाखा अधिकृत |
| १२. | श्री रोशन राई | शाखा अधिकृत |
| १३. | श्री माधव सिग्देल | नायव सुब्बा |
| १४. | श्री भीम बहादुर घर्ती | नायव सुब्बा |

## यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री सरजु कुमार बैद्य | सचिव |
| २. | श्री नारायण प्रसाद शर्मा दुवाडी | सचिव |
| ३. | श्री खोमराज कोइराला | सहसचिव |
| ४. | श्री अर्जुन भण्डारी | सहसचिव |
| ५. | श्री सुमन दाहाल | सहसचिव |
| ६. | श्री यज्ञ प्रसाद भट्टराई | सहसचिव |
| ७. | श्री निर्मला अधिकारी भट्टराई | सहसचिव |
| ८. | श्री पुष्पराज शाही | सहसचिव |
| ९. | श्री रमेश शर्मा पौड्याल | सहसचिव |
| १०. | श्री कृष्ण कुमारी श्रेष्ठ | सहसचिव |
| ११. | श्री यज्ञ प्रसाद भट्टराई | सहसचिव (कानुन) |
| १२. | श्री सन्तोष पौडेल | उपसचिव |

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १३. | श्री राजेश पन्थी | उपसचिव |
| १४. | श्री ईश्वरी प्रसाद ढकाल | उपसचिव |
| १५. | श्री कुशला पौडेल | उपसचिव |
| १६. | श्री प्रेम प्रसाद देवकोटा | उपसचिव |
| १७. | श्री मनिष भट्टराई | सूचना प्रविधि निर्देशक |
| १८. | श्री मोहोदत्त अधिकारी | शाखा अधिकृत |
| १९. | श्री विकाश शर्मा रिजाल | शाखा अधिकृत |
| २०. | श्री लक्ष्मी प्रसाई | शाखा अधिकृत |
| २१. | श्री मुकेश कुमार चौरसिया | शाखा अधिकृत |
| २२. | श्री छवि लाल विश्वकर्मा | शाखा अधिकृत |
| २३. | श्री रविन्द्र राजभण्डारी | शाखा अधिकृत |
| २४. | श्री श्याम कुमार खड्का | शाखा अधिकृत |
| २५. | श्री मान सिं धामी | शाखा अधिकृत |
| २६. | श्री दयानिधि दवाडी | शाखा अधिकृत |
| २७. | श्री जय प्रसाद गौतम | शाखा अधिकृत |
| २८. | श्री कपिल किशोर डायमण्ड के.सी. | शाखा अधिकृत |
| २९. | श्री अजम्वर राई | शाखा अधिकृत |
| ३०. | श्री दुर्गा लम्साल | शाखा अधिकृत |
| ३१. | श्री विष्णु प्रसाद भुसाल | शाखा अधिकृत |
| ३२. | श्री सरोज सिग्देल | शाखा अधिकृत |
| ३३. | श्री कमल प्रसाद भुसाल | शाखा अधिकृत |
| ३४. | श्री तोरण पराजुली | शाखा अधिकृत |
| ३५. | श्री पदम बहादुर खत्री | शाखा अधिकृत |
| ३६. | श्री राज बहादुर बिष्ट | शाखा अधिकृत |
| ३७. | श्री देवी बहादुर थापा | शाखा अधिकृत |
| ३८. | श्री पुष्प राज कोइराला | शाखा अधिकृत |
| ३९. | श्री फर्सुराम भट्टराई | शाखा अधिकृत |
| ४०. | श्री अनुप तिमिल्सीना | कम्प्युटर इन्जिनियर |

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| ४१. | श्री प्रभा पोखेल | लेखा अधिकृत |
| ४२. | श्री आशिष भुर्तेल | अधिकृत छैठौं |
| ४३. | श्री सृजना रायमाझी पोखरेल | नायव सुब्बा |
| ४४. | श्री सविता भण्डारी | नायव सुब्बा |
| ४५. | श्री प्रकाश बुढाथोकी | कम्प्युटर अपरेटर |
| ४६. | श्री भोजेन्द्र बस्नेत | कम्प्युटर अपरेटर |
| ४७. | श्री लक्ष्मण उपाध्याय | खरिदार |

***नोटः** *मिति २०७८/०९/१४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको रा.प. विशिष्ट श्रेणीको सचिव -१ विशेष पदको दरबन्दी सिर्जना भएको ।*

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक (२०८१ साउन-असोजसम्म) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरूः

- आ.व. २०८१/८२ को पहिलो त्रैमासिकमा नेपाल सरकार, मन्त्रिपरिषद्का १९ वटा बैठक बसी ३६४ वटा निर्णयहरू भएको।
- नेपाल सरकार मन्त्रिपरिषद्का विभिन्न समितिहरुको ८ वटा बैठकबाट २० वटा निर्णयहरू भएको।
- यस आ.व.को प्रथम त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी प्राप्त भएका २३ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको।
- संघीय संसदका दुवै सभाबाट प्राप्त प्रश्नहरू, प्रस्तावहरू एवं अन्य विषयहरू तथा संसदमा उठेका सवालहरूउपर सम्माननीय प्रधानमन्त्रीज्यूले दिने जवाफ तयारीको लागि आवश्यक विवरणहरू एकीकृत गरी महाशाखा प्रमुख एवं सम्बन्धित क्षेत्र हेर्ने सचिवज्यूसमक्ष पेस गरिएको। प्रतिनिधि सभामा सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०८१/०४/०७ र मिति २०८१/०५/०६ मा भएको प्रत्यक्ष प्रश्नोत्तरको जवाफको प्रारम्भिक मस्यौदा तयार गरिएको।
- विकासको गति र संस्कृति सुधारका लागि Project Planning Template तयार पारिएको।
- मासिकरुपमा मुख्यसचिवको अध्यक्षतामा हुने सचिव बैठकको आयोजना गरी यस बर्षको प्रथम त्रैमासिक अवधिमा उक्त बैठकले गरेका निर्णयहरुको प्रगति संग्रह गर्ने गरिएको।

- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका लागि पठाइएको।
- संघीय मन्त्रालयहरूको आ.व. २०८०/८१ को कार्यसम्पादनको अवस्था एवम् आ.व. २०८१/८२ को कार्ययोजना सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा वार्षिक समीक्षा गरिएको।
- एकीकृत अनुगमन प्रणालीमा प्राप्त प्रगति विवरणको आधारमा नेपाल सरकारको आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको।
- सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू र माननीय मन्त्रीज्यूहरूबीच आर्थिक वर्ष २०८१/८२ का लागि कार्यसम्पादन सम्झौता सम्पन्न भएको।
- नेपाल सरकारका मुख्यसचिवज्यू र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरूबीच आ.व. २०८१/८२ का लागि कार्यसम्पादन करार सम्झौता सम्पन्न भएको।
- २०८१ साल असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानले ठूलो मात्रामा जनधन एवम् भौतिक पूर्वाधारको क्षति भएको सन्दर्भमा मिति २०८१/०६/१४ गते नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा नेपाल सरकारका सचिवज्यू तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरूको उपस्थितिमा हालको विपद् व्यवस्थापनसम्बन्धी उद्धार, राहत र समसामयिक सन्दर्भमा बैठक बसी गरिएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०८१।०६।१५ गते अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानले ठूलो मात्रामा जनधन एवम् भौतिक पूर्वाधारको क्षति भएको सन्दर्भमा पत्रकार सम्मेलन भएको।
- हेलो सरकार कक्षमा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, ट्वीटर, इमेल, नागरिक एप,फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थिति भै) बाट प्राप्त ३५६० (प्राप्त भएका गुनासा र फछ्र्यौटका लागि पुनः प्राप्त भएका समेत) गुनासोहरुलाई अध्ययन गरी सम्वन्धित निकायमा आवश्यक कारवाहीका लागि पठाईएको।
- यस अवधिमा (२०८१ श्रावण १ गते देखि असोज मसान्त सम्म) सम्बद्ध निकायबाट समाधान भई १०२९ गुनासो फछ्र्यौट भएको।
- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार,मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला

अदालतहरुबाट म्याद प्राप्त हुन आएका ११८ थान मुद्दाहरुको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

यस अवधिमा यस कार्यालयका विभिन्न महाशाखा/शाखाहरूबाट सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार छः

## ५.१ सम्माननीय प्रधानमन्त्रीको निजी सचिवालय

- सम्माननीय प्रधानमन्त्रीज्यूबाट विभिन्न देशका राष्ट्रप्रमुख तथा कुटनीतिज्ञहरुलाई प्रदान गरिएको ३४ वटा धन्यवाद सन्देश सम्बन्धित मन्त्रालय/निकायमा पठाइएको।
- प्रधानमन्त्रीको अध्यक्षता वा संयोजकत्वमा हुने विभिन्न बैठकको समन्वय र सहजीकरण गरिएको।
- नेपाल सरकारका मन्त्रीहरुको आन्तरिक भ्रमणसम्बन्धी कार्यको सहजीकरण गरिएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूलाई सम्बोधन गरी दर्ता भएका ४०७ वटा निवेदन/गुनासो/ज्ञापन पत्रहरु यस कार्यालयको उक्त विषयसँग सम्बन्धित महाशाखा/शाखा मार्फत सम्बन्धित निकायमा आवश्यक कार्यार्थ पठाइएको। साथै नागरिकको गुनासोलाई WhatsApp मार्फत जानकारी गराउने गरिएको।
- विभिन्न देशका राष्ट्रप्रमुख तथा कुटनीतिज्ञहरुसँग १७ वटा शिष्टाचार भेटका लागि सहजीकरण गरिएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमण कार्यक्रम, कार्यसूची तथा समय व्यवस्थापन र सुरक्षासम्बन्धी समन्वय गरिएको।
- सरकारी ढिलासुस्ती र फजुल खर्चले नागरिकमा असन्तोष बढेको गुनासोसँगै फजुल खर्च नियन्त्रण गर्न र सरकारी सेवामा मितव्ययिता कायम गर्न विभिन्न नीति तथा प्रक्रियाहरू लागू गर्न सम्माननीय प्रधानमन्त्रीज्यूले विभिन्न समयमा दिनुभएका निर्देशनहरूको पालनाबारे विभिन्न निकायहरुसँग समन्वय गरिएको।
- कीर्तिपुर क्रिकेट मैदानमा अन्तराष्ट्रिय मापदण्ड अनुरुप फ्लड लाइट जडान र प्याराफिट निर्माणको कार्य तीन सय दिनभित्र सम्पन्न गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१/०३/३१ मा भएको निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा फलोअप र समन्वय गरिएको।
- पोखरा तथा भैरहवाका क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनमा देखिएका ढिलासुस्तीहरूलाई समाधान गर्ने जस्ता विभिन्न विषयहरुमा सरोकारवाला निकायहरुमा फलोअप एवं समन्वय गरिएको।

- नबलपुरलाई सदरमुकाम बनाउने काममा लामो समयसम्म रोकिएको रुख कटान सम्बन्धी विषयमा शहरी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयमा समन्वय गरिएको।
- नागरिक एपहरूको प्रभावकारिता, राष्ट्रिय परिचयपत्र वितरणमा तीव्रता र डिजिटल माध्यमबाट सेवाप्रवाह गर्ने सम्माननीय प्रधानमन्त्रीज्यूको प्रयासलाई साकार पार्न सम्बद्ध निकायमा नियमित रुपमा फलोअप एवं समन्वय गरिएको।
- यातायात, मालपोत, नापी, जिल्ला प्रशासन कार्यालय, शिक्षा र स्वास्थ्य सम्बन्धी सेवाका क्षेत्रमा हुने गरेका ढिलासुस्ती हटाउने सम्माननीय प्रधानमन्त्रीज्यूको प्राथमिकताको विषयलाई नियमित फलोअप एवं समन्वय गरिएको।
- देशभर सडक चुस्त दुरुस्त राख्नेदेखि उपत्यकालगायत शहरी क्षेत्रहरूमा खाल्डाखुल्डीहरूको मर्मत सम्भार गर्नका लागि तत्काल गर्ने विषयमा सम्बद्ध निकायका पदाधिकारीहरुलाई निरन्तर रुपमा फलोअप एवं समन्वय गरिएको।
- अन्यायमा परेका कर्मचारीहरूलाई सकेसम्म न्याय दिने प्रयत्न गरिएको जसका लागि सरुवा व्यवस्थापनलाई व्यवस्थित बनाउन के गर्न सकिन्छ भन्ने विषयमा सम्बद्ध निकायहरूसँग समन्वय गरिएको।
- सिंहदरवारभित्र रहेका सरकारी निकायहरूका भवनहरूलाई मर्मत गरेर नयाँ संरचना निर्माण गर्न र सरकारी कार्यालयहरूको प्रभावकारिता बढाउनका लागि प्रभावकारी समन्वय गरिएको।
- हेलो सरकारमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आएका गुनासाहरूमा भ्रष्टाचारका उजुरीहरूलाई विशेष प्राथमिकतामा राख्दै तिनको अनुसन्धानका लागि निर्देशन गरिएको।
- सिंहदरबारलाई शौन्दर्यकरण गर्न रंगरोगन, सडक बत्ती मर्मत एवं मन्त्रालयहाता सरसफाई, सडक लाइनिङ्ग, फूलका विरुवा रोप्ने जस्ता कार्यहरुलाई उच्च प्राथमिकतामा राखी मन्त्रालयहरुका निजी सचिवालयहरुलाई परिचालन गरिएको।
- सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरुबीच भएको कार्यसम्पादन सम्झौता र १०० दिनको कार्य प्रभावकारी रुपमा सम्पादन गर्न निजी सचिवालयहरुलाई सक्रिय पारिएको।
- सम्माननीय प्रधानमन्त्रीज्यू कुलपति रहनुभएका विश्वविद्यालयहरुका विभिन्न कार्यहरु सम्पादन गर्न सहजीकरण गरिएको।
- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१/०३/३१ मा भएको संवत् २०८२ साल असार मसान्तसम्ममा नेपाललाई सडक बालबालिकामुक्त बनाउने सम्बन्धी भएको निर्णयको कार्यान्वयनका सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र सम्बन्धित निकायसँग पहल गरिएको।

- सम्माननीय प्रधानमन्त्रीज्यूका निजी सचिव, माननीय मन्त्रीज्यूका निजी सचिवहरु र निजी सचिवालयमा कार्यरत कर्मचारीहरुलाई बढी अनुशासित, जिम्मेवार एवं जवाफदेही बनाउन स्वयं घोषित सामूहिक प्रतिवद्धतापत्र तयार गरी लागू गर्न प्रयास गरिएको।
- निजी सचिवालयमा कार्यरत निजी सचिवहरुको नियमित मासिक बैठकको सुरुवात गरिएको साथै एक अर्काका काममा समन्वय गरिएको।

## ५.२ मुख्यसचिवको सचिवालय

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मुख्य सचिव सहभागी हुने ३ वटा बढुवा समितिको बैठकमा सहजीकरण गरिएको।
- नेपाल सरकारको नाममा प्राप्त अध्ययन, तालिम वा भ्रमणको बाँडफाँडको लागि छात्रवृत्ति समितिको ६ वटा बैठक व्यवस्थापन सम्बन्धी कार्य गरेको र सो अवधिमा वसेको बैठकका निर्णयहरु प्रमाणित गराउने, सोको कार्यान्वयनका लागि समन्वय र सहजीकरण समेत गरेको।
- मुख्य सचिवको अध्यक्षतामा बस्ने ५ वटा सचिव बैठकमा सहजीकरण गरी निर्णयहरु कार्यान्वयनका लागी समन्वय गरिएको।
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC), केन्द्रीय अनुगमन तथा मुल्याङकन समिति, डाटा व्यवस्थापन केन्द्र, पोखरा भैरहवा अन्तराष्ट्रिय विमानस्थल सञ्चालन सम्बन्धी, विपद् व्यवस्थापन सम्बन्धी, निजामती सेवा दिवस र संविधान दिवस लगायतका बैठकमा आवश्यक सहयोग र सहजीकरण गरेको।
- यस अवधिमा जम्मा करिब ५०० पटक टेलिफोनबाट जनसम्पर्क गरी सेवा प्रवाहमा सहजीकरण/समन्वय गरेको।
- करिब ३०० व्यक्तिलाई मुख्यसचिवसँग भेटघाटको व्यवस्था मिलाईएको।
- नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरुलाई बैठक र छलफलका लागि करिब ७० पटक Group SMS र Group Mail गर्ने काम गरिएको ।
- यस अवधिमा २२७ वटा पत्रहरु E-Registration गरी मुख्य सचिवज्यूसमक्ष प्रस्तुत गरी आदेशानुसार Online बाट नै कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरु समक्ष पठाउने काम भएको।
- नेपाल सरकारका सचिवहरुको ३९ वटा स्वदेश भ्रमण तथा १९ वटा विदा निवेदनको Digital अभिलेख राख्नुका साथै सचिवहरुबाट प्रस्तुत गर्नुभएको स्वदेश भ्रमणको प्रतिवेदन कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सम्बन्धित सचिव

समक्ष प्रस्तुत गर्ने कार्य गरेको र सो को अभिलेख समेत राखिएको। सचिवहरुको हाजिरी र परिचयपत्र व्यवस्थापन सम्बन्धी कार्यलाई निरन्तरता दिईएको।

- नेपाल सरकारका सचिवहरु र अन्य विभागीय प्रमुखहरुको सम्पर्क नम्बर, e-mail Address र वरियताक्रम अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईएको।
- करिब १० वटा कुटनितिक निकायबाट Reception Dinner/Meeting को लागि भई आएको अनुरोध कार्यान्वयनमा समन्वय र सहजीकरण गरेको ।
- सार्वजनिक खरिद ऐन सम्बन्धि छलफल साथै निर्माण व्यवसायीहरुको भुक्तानी रोकिएको विषयमा बैठकको लागि आवश्यक सहजीकरण गरेको।
- लोक सेवा आयोग, महालेखापरीक्षक जस्ता संवैधानिक निकायहरुको वार्षिक कार्यक्रममा मुख्यसचिवज्यूलाई सहभागी गराउने कार्यमा समन्वय र सहजीकरण गरेको।
- प्रतिनिधि सभा तथा राष्ट्रिय सभाको विभिन्न समितिको बैठकमा सहभागिताको लागि समन्वय र सहजीकरण गरेको।
- निजामती कर्मचारी अस्पताल विकास समितिको बैठकको लागि समन्वय, सहजीकरण गरेको।
- सम्माननीय प्रधानमन्त्रीज्युको समुपस्थितिमा विभिन्न मन्त्रालयहरुका माननीय मन्त्री र सचिवज्यूहरु सम्मिलित छलफल/ समिक्षाको लागि आवश्यक समन्वय, सहजीकरण गरेको।
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको Senior Management Team र Extended Senior Management Team को बैठक व्यवस्थापन कार्यमा सहयोग पुऱ्याएको।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.३ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा,

- आ.व. २०८१/८२ को पहिलो त्रैमासिकमा नेपाल सरकार, मन्त्रिपरिषद्का १९ वटा बैठक बसी ३६४ वटा निर्णयहरू भएको।
- **नेपाल सरकार मन्त्रिपरिषद् समितिबाट भएका निर्णयहरूको तेरिज**

मन्त्रिपरिषद् समिति बैठक र निर्णय संख्या (२०८१ साउन देखि ऐ. असोजसम्म)

| क्र.सं. | मन्त्रिपरिषद् समिति | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | प्रशासन समिति | ३ | ७ |
| २. | सामाजिक समिति | २ | ३ |
| ३. | आर्थिक तथा पूर्वाधार समिति | १ | ६ |
| ४. | विधेयक समिति | २ | ४ |
| | **जम्मा** | ८ | २० |

- **मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन तर्फको प्रगति विवरण**

१. नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न बैठकबाट निर्णय भएका जम्मा १५२ निर्णयहरू प्रणालीमार्फत कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयहरूमा पठाई अनुगमन गरी आ.व. २०८१/८२ को प्रथम त्रैमासिक प्रगति प्रतिवेदन तयार भइरहेको।

२. मन्त्रिपरिषद्का निर्णयहरूको कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन निर्णयहरू प्रणालीमा प्रविष्ट गर्न सम्बन्धित मन्त्रालयहरूका पदाधिकारीलाई सहजीकरण गरिएको।

नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## जनशक्ति व्यवस्थापन महाशाखा

### ५.४ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य अन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, बिदा, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाश सम्बन्धी कार्यहरू गरिएको।
- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको।
- कार्यालय बैठक लगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको।
- यस कार्यालयको परिसर सरसफाई सेवा र सोका लागि आवश्यक सरसफाइ सामग्री खरिदका लागि बोलपत्र आह्वान गरिएकोमा बोलपत्रदाता छनौट एवम् स्वीकृत भई सम्झौता समेत गरिसकेको।

- कार्यालयको लागि आवश्यक स्टेशनरी सामग्री खरिद कार्यको लागि बोलपत्र आह्वान गरिएकोमा बोलपत्र छनौट गर्ने आशयको सूचना प्रकाशन गरिएकोले स्वीकृत गर्ने कार्य अन्तिम चरणमा रहेको।
- कार्यालयका लागि आवश्यक एकीकृत क्याविनेट अटोमेशन प्रणाली र गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नति र सपोर्ट सम्बन्धी खरिद कार्यको निम्ति प्रस्ताव पठाइएकोमा प्रस्तावहरू प्राप्त भई मूल्याङ्कनको प्रक्रियामा रहेको।
- यस कार्यालयमा प्रयोगमा रहेका सवारी साधनहरूको मर्मत संभार, सर्भिसिङ्ग तथा मर्मतका लागि आवश्यक पार्टपूर्जाहरूको खरिदका बोलपत्र आह्वानको कार्य आरम्भ गरिएको।

## ५.५ सूचना, प्रेस तथा संसद समन्वय शाखा

### १. सूचनाको हक कार्यान्वयनसम्बन्धी कार्य

- यस आ.व.को प्रथम त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी प्राप्त भएका २३ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको।

### २. संसद समन्वयसम्बन्धी कार्य

- व्यवस्थापिका संसद्को प्रतिनिधि सभा र राष्ट्रिय सभामा उठेका यस कार्यालयसँग सम्बन्धित विषयहरू टिपोट गर्न खटाइएका कर्मचारीहरूबाट प्राप्त विवरण प्रशोधन गरी सम्बन्धित पदाधिकारीहरूसमक्ष प्रतिवेदन गरिएको ।
- संघीय संसदका दुवै सभाबाट प्राप्त प्रश्नहरू, प्रस्तावहरू एवं अन्य विषयहरू तथा संसदमा उठेका सवालहरूउपर सम्माननीय प्रधानमन्त्रीज्यूले दिने जवाफ तयारीको लागि आवश्यक विवरणहरू एकीकृत गरी महाशाखा प्रमुख एवं सम्बन्धित क्षेत्र हेर्ने सचिवज्यूसमक्ष पेस गरिएको। प्रतिनिधि सभामा सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०८१/०४/०७ र मिति २०८१/०५/०६ मा भएको प्रत्यक्ष प्रश्नोत्तरको जवाफको प्रारम्भिक मस्यौदा तयार गरिएको।
- प्रतिनिधि सभाका माननीय सदस्यहरु श्री प्रेम सुवालले भ्रष्टाचार, दण्डहीनता र कुशासनका सम्बन्धमा र श्री प्रदीप पौडेलले सार्वजनिक खरिदका सम्बन्धमा सोध्नुभएको मौखिक प्रश्नहरुको उत्तरको मस्यौदा तयारी र स्वीकृतीपश्चात प्रतिनिधि सभामा पठाइएको।

### ४. अन्य कार्यहरू

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक विवरण (२०८१ वैशाख-असार) तयार गरी कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको।

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम राष्ट्रिय सूचना आयोगमा परेका ४ वटा पुनरावेदन निवेदनको सम्बन्धमा जवाफ तयार गरी आयोगमा पठाइएको । साथै राष्ट्रिय सूचना आयोगलगायत सरोकारवाला निकायबाट माग भई आएका शाखासँग सम्बन्धित विवरण समयमा नै उपलब्ध गराइएको।

## ५.६ आर्थिक प्रशासन शाखा

- आर्थिक वर्ष २०८०/८१ को विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष (विविध)को आन्तरिक लेखापरीक्षण सम्पन्न गराइएको छ।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको छ।
- आर्थिक वर्ष २०८०/८१ को वार्षिक विवरण को.ले.नि.का.बाट प्रमाणित गराईएको छ।
- यस वर्षको पहिलो त्रैमासिकमा कुल वित्तीय प्रगति पुँजीगत तर्फ ११.८३ प्रतिशत र चालु तर्फ १३.४१ प्रतिशत भएको छ।
- यस कार्यालय तथा अन्तर्गतका निकायहरुको आ.व.२०८०/८१ को बेरुजु लगत अद्यावधिक गरिएको छ।

(खर्चको थप विवरण यसै प्रतिवेदनको क्र.सं. ८ मा संलग्न गरिएको छ)

## सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा

### ५.७ सामाजिक विकास शाखा

- नेपाल औषधि लिमिटेड सुधार एवं कार्य सञ्चालन प्रकृयालाइ प्रभावकारी बनाउन गठित समितिको सुझाव सिफारिश कार्यान्वयन सहजीकरण बैठक सञ्चालन भएको ।
- राष्ट्रिय प्रतिभा पुरस्कार सिफारिश समितिको बैठक २ पटक सञ्चालन भएको ।
- लुम्बिनी बौद्ध विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, सुदुरपश्चिम विश्विवद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, पोखरा विश्वविद्यालयका विभिन्न पदाधिकारीहरुको नियुक्ति प्रक्रियाका लागि आवश्यक सहजीकरण भएको ।

### ५.८ भौतिक पूर्वाधार विकास शाखा

- काठमाण्डौं उपत्यका फोहोरपानी व्यवस्थापन आयोजना (Kathmandu Valley Waste Water Management Project) अन्तर्गतको धोबीघाट फोहोरपानी प्रशोधन केन्द्रको मिति २०८१ असोज २१ गते स्थलगत अनुगमन गरिएको साथै सो आयोजनाका निर्देशक र उप आयोजना निर्देशकबाट सो आयोजनाको समग्र योजना, संचालित क्रियाकलाप, भौतिक तथा वित्तीय प्रगति, भावी योजना, फोहोरपानी प्रशोधन केन्द्रको आवश्यकता, धोबीघाट फोहोरपानी प्रशोधन केन्द्रको विशेषता, चुनौती तथा समस्या लगायतको विषयमा यस कार्यालयमा प्रस्तुतिकरण भई छलफल सम्पन्न गरिएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूले नयाँ सरकार गठन भएपछि प्रतिनिधि सभाको बैठकमा मन्तब्यको क्रममा नेपालमा विगत लामो समयदेखि आयोजना कार्यान्वयनमा जकडिएर रहेको "काम हुँदैछ (Work in Progress) भन्ने संस्कारको ठाउँमा थालेको काम सक्छौं" भन्ने मान्यता स्थापित गर्ने र यसको लागि विकास निर्माण सम्बन्धी नीतिगत सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको सन्दर्भमा यस कार्यालयबाट विकासको ढाँचा, गति र संस्कार सुधार गर्न सरोकारवाला मन्त्रालय एवम् निकायहरुसँग परामर्श तथा छलफल गरिएको।

## आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा

### ५.९ आर्थिक मामिला शाखा र नीति विश्लेषण तथा समन्वय शाखा

- व्यवसायिक वातावरण प्रवर्द्धन समन्वय समितिको बैठक सम्पन्न भएको।
- विभिन्न निकायहरुको व्यवसायिक वातावरण सहजीकरण समितिले गरेका कार्यहरुको नियमित जानकारी लिएको तथा केहि निकायहरुको Reform Action Plan को संयोजन गरिएको।

- विश्व बैंक समुहको लगानीमा तयार भएको Sector Investment Diagnostic and Financing Framework(SDFF) को प्रारम्भिक प्रतिवेदन उपर अन्तर निकाय छलफलमा सहजीकरण गरिएको।
- नीति अनुसन्धान प्रतिष्ठान मार्फत चालु आव मा अध्ययन अनुसन्धान गराउनुपर्ने विषय/नीति शीर्षकहरुको विभिन्न निकायबाट शीर्षक संकलन गरिएको।
- विकासको गति र संस्कृति सुधारका लागि Project Planning Template तयार पारिएको।

## ५.१० तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा

- राष्ट्रिय तथ्याङ्क कार्यालयसँग सम्बन्धित फायलहरुमा राय प्रतिक्रिया उपलब्ध गराइएको।
- OPMCM Databank का लागि तथ्याङ्क वेश तयार गरिएको।
- विभिन्न महाशाखा/शाखाहरुबाट माग भएको तथ्याङ्क आवश्यकता अनुसार उपलब्ध गराइएको।

# शासकीय सुधार महाशाखा

## ५.११ सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा

- मिति २०८१/४/१३ मा नवनियुक्त सम्माननीय प्रधानमन्त्री समक्ष सचिवहरुको प्रस्तुति र मिति २०८१/४/१५ मा प्रधानमन्त्रीले सचिवहरुलाई निर्देशन दिने कार्यक्रमको व्यवस्थापन गरिएको।
- मासिकरुपमा मुख्यसचिवको अध्यक्षतामा हुने सचिव बैठकको आयोजना गरी यस बर्षको प्रथम त्रैमासिक अवधिमा उक्त बैठकले गरेका निर्णयहरुको प्रगति संग्रह गर्ने गरिएको।
- संविधानको धारा ५३ ले व्यवस्था गरे बमोजिमको विवरणहरु मन्त्रालयहरुबाट प्राप्त गरी विवरण तयार गर्ने कार्य भैरहेको।
- विभिन्न निकाय, संघ, संस्था र व्यक्तिहरुबाट प्राप्त पत्र,निवेदन, गुनासोहरुको सम्बोधन गर्न सम्बन्धित निकायमा पठाइएको।

## ५.१२ प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा

- कार्यविस्तृतीकरण परिमार्जनको मस्यौदा तयारी अन्तिम चरणमा रहेको ।
- शाखाबाट गर्नुपर्ने संघ र प्रदेशबीच समन्वय, सहकार्य र सहजीकरण कार्य निरन्तर भइरहेको।

## ५.१३ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी रणनीति तथा कार्ययोजना(२०८१/८२-२०८५/८६) प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका लागि पठाइएको।
- AML/CFT National Reporting System Software मा आ.व. २०८०/८१ मा सम्पादन भएका कार्यहरुको तथ्यांकीय विवरण संकलन भैरहेको ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी संसोधित ऐन अनुकूलको नियमावली र निर्देशनहरुको मस्यौदा तथा APG Annual Meeting मा सहभागीता सम्बन्धमा समन्वय समितिको १३६ औं बैठक सम्पन्न भएको।
- Post Observation Period Report (POPR) तयार पार्ने प्रयोजनका लागि सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बद्ध निकायहरुसँग नेपालको तेस्रो पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका Recommended Actions को हालसम्मको प्रगति विवरण संकलन भैरहेको ।

# नतिजा व्यवस्थापन महाशाखा

## ५.१४ नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा, तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा र योजना तथा अनुगमन शाखा

- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरी बैठकका निर्णयहरू कार्यान्वयनको लागि पठाइएको।
- संघीय मन्त्रालयहरूको आ.व. २०८०/८१ को कार्य सम्पादनको अवस्था एवम् आ.व. २०८१/८२ को कार्ययोजना सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा वार्षिक समीक्षा गरिएको।
- एकीकृत अनुगमन प्रणालीमा प्राप्त प्रगति विवरणको आधारमा नेपाल सरकारको आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको।
- आ.व. २०८१/८२ को लागि संघीय मन्त्रालयहरूलाई प्रमुख कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणमा मन्त्रालय/निकायहरूलाई सहजीकरण गरिएको।
- संघीय मन्त्रालयहरूको नीति तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको २०८१ साउन महिनाको प्रगति प्रतिवेदन तयार गरिएको।

- सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू र माननीय मन्त्रीज्यूहरूबीच आर्थिक वर्ष २०८१/८२ का लागि कार्यसम्पादन सम्झौता सम्पन्न भएको।
- नेपाल सरकारका मुख्यसचिवज्यू र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरूबीच आ.व. २०८१/८२ का लागि कार्यसम्पादन करार सम्झौता सम्पन्न भएको।
- श्रीमान् मुख्यसचिवज्यूको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७० औं बैठक सम्पन्न भएको।
- २०८१ साल असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानले ठूलो मात्रामा जनधन एवम् भौतिक पूर्वाधारको क्षति भएको सन्दर्भमा मिति २०८१/०६/१४ गते नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा नेपाल सरकारका सचिवज्यू तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरूको उपस्थितिमा हालको विपद् व्यवस्थापनसम्बन्धी उद्धार, राहत र समसामयिक सन्दर्भमा बैठक बसी गरिएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको।
- २०८१ साल असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानले ठूलो मात्रामा जनधन एवम् भौतिक पूर्वाधारको क्षति भएको सन्दर्भमा मिति २०८१/०६/१४ गते नै नेपाल सरकारका मुख्य सचिवज्यूको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका सचिवज्यूहरू, काठमाडौं उपत्यकाका प्रमुख जिल्ला अधिकारीज्यूहरू एवम् स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतज्यूहरूको उपस्थितिमा बैठक बसी भएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०८१।०६।१५ गते अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानले ठूलो मात्रामा जनधन एवम् भौतिक पूर्वाधारको क्षति भएको सन्दर्भमा पत्रकार सम्मेलन भएको।

## सूचना प्रविधि महाशाखा

### ५.१५ सूचना प्रविधि शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाईट, क्याबिनेट स्वचालन प्रणाली र यस कार्यालयमा प्रयोगमा रहेका अन्य सूचना प्रविधि प्रणालीहरु जस्तै एकीकृत अनुगमन प्रणाली, कार्यालयको SMS Portal तथा हेलो सरकार लगायतका सम्पूर्ण Portal हरुको नियमित सञ्चालन र अद्यावधिक गरिएको ।

- गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नतीका लागि आवस्यक कार्यक्षेत्रगत शर्त (TOR) निर्माण तथा स्वीकृत गरी प्रस्ताब सम्बन्धी सूचना आह्वानको कार्य सम्पन्न भएको ।
- एकीकृत अनुगमन प्रणालीको स्तरोन्नतीका लागि आवश्यकता पहिचान र प्रणाली आपूर्तिकर्ताहरुलाई आवश्यक टेक्निकल सपोर्ट प्रदान गरिएको ।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्फेशिफिकेसन तयारी तथा गुणस्तरको मुल्याङ्कन गरिएको ।
- महाशाखा प्रमुखको अध्यक्षतामा गठित कार्यालयको विभिन्न खरिद कार्यको मूल्याङ्कन समितिको कार्य सम्पन्न गरी पेश गरिएको ।

## ५.१६ हेलो सरकार शाखा

- हेलो सरकार कक्षमा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, ट्वीटर, इमेल, नागरिक एप,फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थिति भै) बाट प्राप्त ३५६० (प्राप्त भएका गुनासा र फछ्यौंटका लागि पुनः प्राप्त भएका समेत) गुनासोहरुलाई अध्ययन गरी सम्वन्धित निकायमा आवश्यक कारवाहीका लागि पठाईएको।
- यस अवधिमा (२०८१ श्रावण १ गते देखि असोज मसान्त सम्म) सम्बद्ध निकायबाट समाधान भई १०२९ गुनासो फछ्यौंट भएको।
- गुनासो व्यवस्थापन सम्बन्धी हेलो सरकारको बिद्युतीय पोर्टलमा आवद्ध निकायहरुको गुनासो फछ्यौंट सम्वन्धी स्थलगत अनुगमनको कार्यक्रम सम्पन्न भएको।
- हेलो सरकारको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक प्रतिवेदन तयारी कार्य सम्पन्न भई कार्यालयको वेब साइटमा सार्वजनिक गरिएको।

# कानून तथा फैसला कार्यान्वयन महाशाखा

## ५.१७ कानून शाखा र फैसला कार्यान्वयन शाखा

१. **लिखित जवाफ तयारी सम्बन्धी**:
सम्मानीय प्रधानमन्त्री, नेपाल सरकार,मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका **११८ थान** मुद्दाहरुको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

२. **तर्जुमा सम्बन्धी**: जारी गरिएका/स्वीकृत भएका/संशोधन भएका नीति, विधेयक, नियमावली, विनियमावली, आदेश, निर्देशिका र कार्यविधिहरूको विवरणः

- नेपाल विद्याभूषण, प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र राष्ट्रिय पुरस्कार सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७ मिति २०८१/०६/०२ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृत भएको।
- बीउ बिजन नियमावली, २०८१ मिति २०८१/०६/२१ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृत भएको।

३. **फैसला कार्यान्वयन सम्बन्धी कार्यहरू:**

- सम्मानित अदालतबाट भएका फैसला/आदेश कार्यान्वयका लागि सम्बन्धित मन्त्रालयमा ताकेता/पत्र गरी जम्मा ४३ थान पत्राचार गरिएको।

४. **कानूनी राय सम्बन्धी कार्यहरू:**

- यस महाशाखामा कानूनी राय माग भएका तीन (३) वटा विषयमा कानूनी राय प्रदान गरिएको।

५. **राजपत्रमा प्रकाशित हुने सूचना सम्पादनका सम्बन्धमा:**

यस कार्यालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशित गरिने सूचनाहरु **(नौ थान)** सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई आए पश्चात **(नौ थान)** प्रकाशनको लागि मुद्रण विभागमा पठाईएको ।

६. झापा जिल्लामा फैसला कार्यान्वयन सम्बन्धी अनुगमन कार्यक्रम सम्पन्न गरिएको।

## मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धिसम्झौता महाशाखा

### ५.१८ मानव अधिकार शाखा र अन्तराष्ट्रिय कानून र सन्धि सम्झौता शाखा

- Treaty Monitoring को प्रारम्भिक मस्यौदा परिमार्जन भइरहेको।
- तपसिल बमोजिमका विषयका सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट विभिन्न मितिमा Input/response का लागि प्राप्त भएका पत्रको सन्दर्भमा विभिन्न सम्बन्धित मन्त्रालय तथा निकायहरुलाई पत्राचार गरिएको।
    - Enforced or Involuntary Disappearances
    - तराई/मधेश दुर्तमार्ग सडक परियोजनाको निर्माण कार्यले आदिवासी नेवार समुदायको विस्थापनको गम्भीर जोखिम निम्त्याएको तथा निजहरुको मानव अधिकार उल्लंघन भएको र Bagmati River Basin Improvement Project को कार्यान्वयन सम्बन्धमा।

- दुई अलग घटनामा महिला अधिकार संगठन WOREC र यसका सदस्यहरुमाथि हालै भएको उत्पीडन सम्बन्धमा।

- ICESCR सम्बन्धी अद्यावधिक गरिएको राष्ट्रिय प्रतिवेदन मन्त्रिपरिषद् समक्ष पेस गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको स्वीकृतिका लागि पेस भएको।
- "भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको व्यवस्था कार्यान्वयन सम्बन्धी दोश्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८१" निर्माणका लागि कार्यदल गठन गर्ने सम्बन्धमा सम्मानीय प्रधानमन्त्रीज्यूबाट निर्णय भएको। साथै रणनीति तथा कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको।
- उक्त मस्यौदा परिमार्जन तथा राय प्रतिक्रिया संकलनका लागि कोशी प्रदेशको विराटनगर, मदेश प्रदेशको जनकपुरमा र सुदूरपश्चिमको धनगढीमा सम्बन्धित सरोकारवालाहरुसँग प्रदेशको माननीय मुख्यमन्त्रीज्यूको उपस्थितिमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको।

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ। राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ। कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, प्रेस तथा संसद समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी दिने व्यवस्था गरिएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

**प्रवक्ताको विवरण**

| | | | |
|---|---|---|---|
| **नाम** | : | **प्रेमप्रसाद आचार्य** |  |
| **पद** | : | सहसचिव | |
| **महाशाखा** | : | जनशक्ति तथा व्यवस्थापन महाशाखा | |
| **फोन नं.** | : | ९७७-१-५९७१०७४ | |
| **इमेलः** | : | spokesperson@opmcm.gov.np | |

सहायक प्रवक्ताको विवरण

| | | | |
|---|---|---|---|
| नाम | : | मञ्जु शर्मा सुवेदी |  |
| पद | : | उपसचिव | |
| शाखा | : | तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा | |
| फोन नं. | : | ९७७-१- ५९७१०९४ | |
| इमेलः | : | vice-spokesperson@opmcm.gov.np | |

सूचना अधिकारीको विवरण

| | | | |
|---|---|---|---|
| नाम | : | सिर्जना शर्मा |  |
| पद | : | उपसचिव | |
| शाखा | : | सूचना, प्रेस तथा संसद समन्वय शाखा | |
| फोन नं. | : | ९७७-१- ५९७१०१४ | |
| इमेल | : | suchanaadhikari@opmcm.gov.np | |

## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९

- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवं उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५
- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

तालिका १

आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण

| बर्गिकरण | ब.उ.शि.नं. | बार्षिक बजेट | पहिलो त्रैमासिक खर्च | | कैफियत |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति (प्रतिशत) | |
| चालु | 301000123 | 387,216,000.00 | 56,267,589.58 | 14.53 | |
| | 301000113 | 83,600,000.00 | 6,888,316.16 | 8.24 | |
| **जम्मा** | | **470,816,000.00** | **63,155,905.74** | **13.41** | |
| पुँजीगत | 301000124 | 16,950,000.00 | 2,005,680.00 | 11.83 | |
| **जम्मा** | | **16,950,000.00** | **2,005,680.00** | **11.83** | |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

| https://www.opmcm.gov.np |
|---|

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यूलगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवं नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना उपलब्ध गराइएको विवरण

| सि.नं. | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | श्री रुक्शना कपाली, ललितपुरले समाजशास्त्री डा.ओम गुरुङको संयोजकत्वमा २०६५ सालमा गठित आदिवासी जनजाती सूची परिमार्जनसम्बन्धी उच्च स्तरीय कार्यदलको प्रतिवेदनसम्बन्धी सूचना माग गर्नुभएको। | निवेदकले माग गरेको उल्लेखित प्रतिवेदनको सम्बन्धित निकायबारे जानकारी माग गर्दै पुन:इमेलमार्फत सूचना माग भएको सन्दर्भमा तत्कालीन स्थानीय विकास मन्त्रालय (हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) बाट सो सम्बन्धी कार्यदल गठन भएको बुझिन आएको व्यहोरा अनुरोध गरिएको । |
| २. | श्री सागर जोशी, काठमाडौंले औषधि स्तर नियमावली, २०४३ र सो मा उल्लेखित नेपाली Pharmacopoeia सँग सम्बन्धित सूचना माग गर्नुभएको। | निवेदकले माग गरेको उल्लेखित सूचनाको विषय नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस कार्यालयबाट सम्पादन नहुने व्यहोरा अनुरोध गरिएको। |
| ३. | श्री शंकर खत्री, संवाददाता, हिमालय टेलिभिजनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट यसअघि वितरण भएका MacBook को विवरण सम्बन्धी सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा यस कार्यालयबाट माननीय मन्त्रीज्यूहरुका लागि ल्यापटप वितरण नगरिएको व्यहोरा अनुरोध गरिएको। |
| ४. | श्री सृजना कार्की, प्राइम टेलिभिजन, काठमाडौंले स्वास्थ्य उपचार र अन्य सहायताका नाममा कसलाई कति रकम उपलब्ध गराएको भन्ने विषयमा सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा आर्थिक सहायता तथा उपचार खर्चको सम्बन्धमा मन्त्रिपरिषद् बैठकबाट हुने निर्णयहरुको विषयमा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायतबाट प्रस्ताव उठान हुने र सो विषयमा भएका निर्णयहरु निर्णय भए लगत्तै सम्बन्धित मन्त्रालयहरुमा नै पठाइसकिने हुँदा खर्चको एकिन विवरण तथा जानकारी सम्बन्धित मन्त्रालयहरुबाटै प्राप्त गर्न |

| | | |
|---|---|---|
| | | सकिने व्यहोरा अनुरोध गरिएको। साथै आर्थिक सहायता तथा उपचार खर्चको पछिल्लो विवरण अर्थ मन्त्रालयले समेत नियमित रुपमा वेबसाइट मार्फत सार्वजनिक गर्ने गरेकोले तहाँबाट पनि सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको। |
| ५. | श्री जीवनाथ शर्मा, काठमाडौं, नेपालले वि.सं. २०४६ सालपछी बनेका सरकारमा सहभागी मन्त्रिपरिषद्का सदस्यहरु र नेपालका पूर्व-प्रधानमन्त्रीहरुको विवरण सम्बन्धी सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीहरुको नियुक्ति यस कार्यालयबाट नहुने हुँदा नियुक्ति गर्ने निकायबाट नै आवश्यक र विस्तृत विवरण प्राप्त गर्न उपयुक्त हुने साथै नेपाल सरकार मन्त्रिपरिषद्को पछिल्लो एक दशकको विवरण राष्ट्रपतिको कार्यालयको वेबसाइट https://president.gov.np बाट र नेपालका प्रथम देखि ४५ औं प्रधानमन्त्रीहरुको नाम र कार्यअवधि यस कार्यालयको वेबसाइटको www.opmcm.gov.np लिङ्कमा समेत उपलब्ध रहेकाले तहाँबाट पनि सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको। |
| ६. | श्री दिपकराज जोशी, काठमाडौं, नेपालले संवैधानिक परिषद्को सचिवालयसँग सम्बन्धित विवध सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा उक्त विषयसँग सम्बन्धित यस कार्यालयको मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखाबाट प्राप्त जानकारी अनुसार संवैधानिक परिषद्को सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको, संवैधानिक पदाधिकारीहरुको नियुक्ति सिफारिस गर्दाको कागजातहरुको विवरण मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखामा छुट्टै फाइल खडा गरी सुरक्षित साथ राख्ने गरिएको, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ र संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८ संवैधानिक परिषद्सँग सम्बन्धित कानूनहरु मौजुदा रहेको, संवैधानिक परिषद्को सचिवालयका लागि आवश्यक कर्मचारी, बजेट, संवैधानिक परिषद्को बैठक र संवैधानिक निकायको पदाधिकारीहरुको सिफारिस गर्दा |

| | | |
|---|---|---|
| | | निजहरुको योग्यता, आचरणसम्बन्धी व्यवस्था नेपालको संविधान तथा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ मा रहेको। साथै संवैधानिक परिषद्को सचिवालयमा सूचना अधिकारीको छुट्टै व्यवस्था नभएकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकै सूचना अधिकारीबाट आवश्यक सूचना प्राप्त गर्न सकिने भनी लेखि आएकोले सोही व्यहोरा जानकारी गराइएको। |
| ७. | श्री भेषराज लुइटेल, पाल्पाले २०८०/०२/३२ मा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयका विषयमा सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा यस कार्यालयको मन्त्रिपरिषद् बैठक शाखाबाट प्राप्त जानकारी अनुसार मिति २०८०/०२/३२ मा मन्त्रिपरिषद्का दुई वटा बैठक बसेको र उक्त दुवै बैठक निमित्त मुख्यसचिवले सञ्चालन गर्नुभई निर्णय प्रमाणित गर्नुभएको व्यहोरा लेखि आएको हुँदा सोही व्यहोरा जानकारी गराइएको। |
| ८. | श्री जोखेमान बल, बारा, नेपालले यस कार्यालयले आउटसोर्स गरेका कम्पनीसँगको सम्झौता सम्बन्धमा सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त जानकारी अनुसार देहायबमोजिम रहेको लेखि आएकोले सोही व्यहोरा जानकारी गराइएको।<br><br>**<u>देहायः</u>**<br><br>• यस कार्यालयबाट आउट सोर्सिङ्ग मार्फत सरसफाइसम्बन्धी सेवा टेण्डरमार्फत् गर्ने गरिएको।<br><br>• सरसफाइसम्बन्धी सेवा प्रदायक कम्पनी/फर्मसँग सम्झौता गर्ने गरिएको र कम्पनी/फर्मलाई नै भुक्तानी हुने गरेको।<br><br>• सरसफाइसम्बन्धी सेवा खरिद गरिएकोले कम्पनीले खटाउने कर्मचारीहरुलाई यस कार्यालयले कुनै पनि भुक्तानी नदिएको।<br><br>• गत आ.व.२०८०/८१ को लागि सरसफाइ सम्बन्धमा सेवा प्राप्त गरेवापत् मासिक रु.२,८६,२०३/- भुक्तानी गर्नेगरी सम्झौता भएको र सोही बमोजिम भुक्तानी गरिएको। |

| | | |
|---|---|---|
| | | • चालु आ.व. २०८१/८२ को लागि सरसफाइ सेवा प्रासिका लागि टेण्डर आह्वान भएको। |
| ९. | श्री रामप्रसाद दाहाल, काठमाडौं महानगरपालिका-७, चाबहिलले वैदेशिक भ्रमणको विवरणसम्बन्धी सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीहरुको वैदेशिक भ्रमण सम्बन्धी प्रस्ताव परराष्ट्र मन्त्रालयबाट मन्त्रिपरिषद्‌मा पेश हुने हुँदा तहाँबाटै सो सम्बन्धी आवश्यक सूचना माग गर्नुहुन साथै उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री लगायत अन्य पदाधिकारी र कर्मचारीको हकमा सम्बन्धित मन्त्रालय/निकायबाटै खर्च लगायतको सम्पूर्ण विवरण प्राप्त गर्न सकिने। विदेश भ्रमणको विद्यमान कानुनी व्यवस्था सम्बन्धमा वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ र नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रीभोज एवं उपहार सम्बन्धी निर्देशिका, २०७२ रहेको व्यहोरा जानकारी गराइएको। |
| १०. | श्री रामप्रसाद दाहाल, काठमाडौं महानगरपालिका-७, चाबहिलले यस कार्यालयलाई समेत विपक्षी बनाई दायर गरिएका मुद्धाहरुको र अदालतबाट आदेश प्राप्त भई कार्यान्वयनमा पठाइएका मुद्दाहरुको सम्बन्धमा सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा यस कार्यालयको कानून तथा फैसला कार्यान्वयन महाशाखाबाट प्राप्त देहाय बमोजिमको विवरण बमोजिमको सूचना उपलब्ध गराइएको।<br><br>**<u>देहाय:</u>**<br><br>• आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक प्रतिवेदनमा उल्लेख भएबमोजिम सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्यसचिव तथा यस कार्यालय समेतलाई विपक्षी बनाई विभिन्न विषयमा विभिन्न व्यक्ति तथा संस्थाहरुले सम्मानीत जिल्ला अदालतमा २ वटा, उच्च अदालतमा २० वटा र सर्वोच्च अदालतमा १२० वटा मुद्दा दायर गरेको देखिन्छ।<br><br>• यस कार्यालयबाट पठाइएका लिखित जवाफ, पुनरावेदन पत्र तथा |

| | | |
|---|---|---|
| | | प्रतिउत्तरपत्रको प्रमाणित प्रतिलिपिका सम्बन्धमा निवेदकले सम्बन्धित अदालतबाट कानून बमोजिम प्रयोजन खुलाई लिखित जवाफको प्रतिलिपि माग गर्न सक्ने।<br>• विभिन्न रिट निवेदनमा सम्मानित अदालतबाट भएका आदेश कार्यन्वयनका लागि यस कार्यालयबाट सम्बन्धित विषयगत मन्त्रालयलाई पठाइएको मुद्दाको विवरण उपलब्ध गराइएको। |
| ११. | अधिवक्ता श्री दिपक विक्रम मिश्र, नागार्जुन नगरपालिका-५, काठमाडौले विभिन्न विषयहरुको सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा देहायबमोजिमको सूचना उपलब्ध गराइएको।<br>**देहाय:**<br>• राष्ट्रिय गौरवका आयोजनाहरुको विवरण र प्रगतिका सम्बन्धमा राष्ट्रिय योजना आयोगबाट सार्वजनिक गरिएको राष्ट्रिय गौरवका आयोजनाहरुको संक्षिप्त परिचय नामक प्रगति विवरण पुस्तिकाबाट सूचना प्राप्त गर्न सकिने।<br>• राष्ट्रिय गौरवका आयोजना पहिचान गर्दा गरिने छनौटका आधारहरुको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा समेत राखिएको आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बाट आवश्यक सूचना प्राप्त गर्न सकिने।<br>• नेपाल सरकारका तर्फबाट नेपाली नागरिकहरुलाई सुरक्षा निकायको फौजमा भर्नाका लागि अनुमति दिने सम्बन्धी विषय र सन्धि सम्झौताको विषय गृह मन्त्रालय, रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोही मन्त्रालयहरुबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने।<br>• नेपाल र भारतको सिमाना व्यवस्थित गर्ने |

| | | |
|---|---|---|
| | | सम्बन्धी सम्झौताको विषय परराष्ट्र मन्त्रालय र गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोही मन्त्रालयहरुबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने। |
| १२. | श्री सागर जोशी, काठमाडौं, नेपालले निर्मला पन्तको हत्याका विषयमा राष्ट्रिय मानव अधिकार आयोगबाट भएको निर्देशनको कार्यान्वयनको अवस्था सम्बन्धी सूचना माग गर्नुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा यस कार्यालयको सम्बन्धित महाशाखाबाट प्राप्त जानकारी अनुसार उक्त महाशाखाको मिति २०७९/०९/२९ को पत्र मार्फत गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतलाई उक्त विषयहरुसँग सम्बन्धित राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुन आएको निर्णय तथा निर्देशनको यथासिघ्र कार्यान्वयन गर्न अनुरोध गरिएकोमा उक्त निर्णय तथा निर्देशनको कार्यान्वयन सम्बन्धी थप जानकारी सूचना माग कर्ताले सम्बन्धित मन्त्रालयबाट लिन सकिने भनी लेखि आएकोले सोही व्यहोरा जानकारीका लागि अनुरोध गरिएको। |
| १३. | श्री सागर जोशी, काठमाडौं, नेपालले यस कार्यालयका कार्यालय प्रमुखलाई सम्बोधन गरी निर्मला पन्तको हत्याका विषयमा राष्ट्रिय मानव अधिकार आयोगबाट भएको निर्देशनको कार्यान्वयनको अवस्थासम्बन्धी सूचना नपाएको उजुरी निवेदन दिनुभएको। | निवेदकले माग गर्नुभएको उल्लेखित सूचनाको सम्बन्धमा विभिन्न मितिमा गृह मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतलाई राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुन आएको निर्णय तथा निर्देशन संलग्न गरी सोको यथाशीघ्र कार्यान्वयन गर्न अनुरोध गरिएकोमा उक्त निर्णय तथा निर्देशन कार्यान्वयन सम्बन्धी थप जानकारी उल्लिखित मन्त्रालयहरुबाट प्राप्त नभएकोले कार्यान्वयनको प्रगति विवरण ३(तीन) दिनभित्र पठाउन पुनः मिति २०८१/०६/२१ मा ताकेता गरिएको व्यहोरा जानकारी गराइएको साथै ताकेता पत्रको प्रतिलिपि पाना-१ समेत संलग्न गरी सूचना मागकर्तालाई उपलब्ध गराइएको। |

| | | |
|---|---|---|
| १४. | **<u>देहायका व्यक्तिहरुले विभिन्न मितिमा विभिन्न विषय सँग सम्बन्धित सूचना माग गर्नुभएको:</u>**<br>▪ श्री मोनिका वाइबा, उकेरा डटकम,काठमाडौं।<br>▪ अधिवक्ता श्री दिपक विक्रम मिश्र, काठमाडौं।<br>▪ अधिवक्ता श्री संजय अधिकारी, ललितपुर।<br>▪ श्री रुक्शना कपाली, ललितपुर।<br>▪ श्री दुर्गाप्रसाद दुलाल, काठमाडौं।<br>▪ श्री पवन थापा, बनेपा, काभ्रेपलाञ्चोक।<br>▪ श्री आदर्श मेहरा, बी.ए.एलएल.बी.दोस्रो वर्ष, काठमाडौ स्कुल अफ ल। | निवेदकहरुले यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी विभिन्न मितिमा विभिन्न विषयहरु सम्बन्धी माग गर्नुभएको सूचना तथा जानकारीहरु यस कार्यालयसँग सम्बन्धित नदेखिएकोले सूचनासँग सम्बन्धित मन्त्रालय/निकायहरुबाटै सूचना तथा जानकारी प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको। |